नेपाल सरकार
# सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरवार काठमाण्डौ
(सुशासन प्रवर्द्धन शाखा)

फोन :४२००५२८
:४२००४१४
फ्याक्स :४२००५२८

प.सं. सु.शा.०७४/०७५
च.नं. ३६६

मिति २०७४।११।१४

विषय : निर्णय कार्यान्वयन सम्वन्धमा ।

श्री स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग,जावलाखेल, ललितपुर ।
श्री स्थानीय तहहरु (सबै) ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मिति २०७४।१०।१५ प.सं. इजाजत ०७४।०७५ च.नं. ६० को पत्रानुसार ग्रामीण पुन: निर्माण तथा पुन: स्थापना आयोजना अन्तर्गत चितवन जिल्लामा संचालन गरिएको वनकट्टा देखि बगई सम्म २३.५५ कि.मि. सडक स्तरोन्नती गर्ने कार्यमा विभिन्न वहानामा भेरिएसन आदेश जारी गरी भ्रष्टाचार गरिएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा आयोगको मिति २०७४।१०।११ को निर्णयानुसार उक्त आयोजनाको विस्तृत विवरण सहित पाना ५ सुझाव यसै साथ संलग्न छ । उक्त सुझावका साथै सार्वजनिक खरिद ऐन (पहिलो संशोधन) २०७३ को दफा ५ (क) स्वीकृत गर्नु पर्ने : उपदफा (२) :- दफा ४ बमोजिमको विवरण र दफा ५ बमोजिमको **"लागत अनुमान तोकिए बमोजिमको विशेष कारण परि संशोधन गर्नु परेमा बाहेक एक पटक स्वीकृत भएको डिजाईन वा लागत अनुमानमा संशोधन गर्नु पर्दा त्यस्तो संशोधन सुरुको लागत अकंमा २५ प्रतिशत भन्दा बढि फरक परेमा वा त्रुटिपूर्ण डिजाईन गरेको वा अस्वाभाविक लागत अनुमान तयार गरेको कारणले खरिद कार्य प्रभावित भएमा त्यस्तो डिजाईन वा लागत अनुमान तयार, जाँच वा स्वीकृत गर्ने पदाधिकारी र सो कार्यमा संलग्न परामर्शदाता प्रचलित कानून बमोजिम कारवाहिको भागीदार हुनेछ"** भन्ने स्पष्ट व्यवस्था भएकोले ऐन कानूनमा भएको प्रावधान वमोजिम सतर्कता अपनाउनुहुन २०७४।११।९ को निर्णयानुसार अनुरोध छ ।

०७४।११।१४
शेखर निधि पौड्याल
(शाखा अधिकृत)

**वोधार्थ:**
श्री अख्तियार दुरुपयोग अनुसन्धान आयोग,
टंगाल, काठमाण्डौ ।

श्री सूचना तथा विद्युतिय शासन शाखा,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय: पत्र एवं पत्रसाथ संलग्न विवरण मन्त्रालयको Web site मा Upload गरी दिनुहुन ।

e-mail :Mofaldmails@gmail.com

☎ :४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

अत्यन्त जरुरी/गोप्य

पत्र संख्या :- इजाजत ०६४/६५
चलानी नं. :- ६०

मितिः २०७४।१०।१५

विषयः निर्णय पठाएको।

श्री संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं ।

४४५
२०७४।१०।१५

ग्रामिण पुनः निर्माण तथा पुनः स्थापना आयोजना अन्तर्गत चितवन जिल्लामा संचालन गरिएको वनकट्टा देखी बगई सम्म २३.५५ कि.मी. सडक स्तरोन्नती गर्ने कार्यमा विभिन्न वहानामा भेरिएसन आदेश जारी गरी भ्रष्टाचार गरिएको भन्ने समेत व्यहोराको उजुरीका सम्बन्धमा मिति २०७४/१०/११ को आयोगको बैठकबाट भएको निर्णय आवश्यक कार्याथ यसै साथ संलग्न राखी पठाईएको व्यवहोरा निर्णयानुसार अनुरोध छ ।

## निर्णय

ग्रामिण पुनः निर्माण तथा पुनः स्थापना आयोजना अन्तर्गत चितवन जिल्लामा संचालन गरिएको वनकट्टा देखी बगई सम्म सडक स्तरोन्नती गर्ने कार्यमा २३.५५ कि.मी. सडकलाई ४ (चार) वटा प्याकेजमा विभाजन गरी सडक स्तरोन्नतीको कार्य अगाडि बढाईएको देखिन्छ ।वनकट्टा देखी बगई सम्म सडक स्तरोन्नती गर्ने कार्यको लागि निम्नानुसारको लागत अनुमान तयार गरी बोलपत्र आव्हान गरिएको देखिन्छ।

| ठेक्का नं. | चेनेज (Chainage) | लागत अनुमान रु |
|---|---|---|
| RRSDP/Chitwan/RR/NCB/001 | ०+००० देखि ६+००० | ३,१४,८२,२९८।५३ |
| RRSDP/Chitwan/RR/NCB/002 | ६+००० देखि १२+००० | ३,२६,७६,२०२।६१ |
| RRSDP/Chitwan/RR/NCB/003 | १२+००० देखि १७+७५० | ३,३६,८२,७१९।७९ |
| RRSDP/Chitwan/RR/NCB/004 | १७+७५० देखि २३+५५० | ३,२९,१२,५७५।२७ |
| कुल रु (भ्याट समेत) | | १३,०७,५३,७९६।२० |

यसरी बोलपत्र आव्हान गरिए बमोजिम प्राप्त बोलपत्रहरुको मूल्याङ्कनबाट निम्नानुसारको बोलपत्रहरुलाई न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्र कायम गरी चारवटै प्याकेजमा प्रतिष्पर्धात्मक तरिकाबाट न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्रदाता छनौट गरिएको देखिन्छ ।

...प्रवर्द्धन शाखा
...नं.: ९९१

☎ :४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-

| ठेक्का नं. | न्यूनतम बोल अङ्क रु | घटेको प्रतिशत |
|---|---|---|
| RRSDP/Chitwan/RR/NCB/001 | २,१३,३४,०९५।०९ | -२९.२४ |
| RRSDP/Chitwan/RR/NCB/002 | २,११,६१,५८९।२१ | -३२.३७ |
| RRSDP/Chitwan/RR/NCB/003 | २,१७,२२,८४७।२२ | -३२.६५ |
| RRSDP/Chitwan/RR/NCB/004 | २,०३,०४,८३२।५० | -३५.५८ |
| कुल न्यूनतम बोल रकम रु (भ्याट समेत) | ८,४५,२३,३६४।०२ | |

न्यूनतम बोल अंक कबुल गर्ने बोलपत्रदाता छनौट गरिसकेपछि ठेक्का नं.१ र २ को लागि कालिका कन्स्ट्रक्सन प्रा.ली., भरतपुर-१०, चितवन सँग २०६७/९/२३ मा, ठेक्का नं. ३ को लागि महालक्ष्मी/प्यासिफिक/नाना जे.भी. सुकेधारा, काठमाडौं सँग २०६७/९/२३ मा र ठेक्का नं.४ को लागि हिम्दुङ एण्ड थोकर कन्स्ट्रक्सन प्रा.ली., धापासी, काठमाडौं सँग २०६७/९/२७ मा ठेक्का सम्झौता भएको देखिन्छ ।

वनकट्टा बगई सडक स्तरोन्नती कार्यमा शुरुको लागत अनुमान तयार गर्दा स्वीकृत लागत अनुमानमा निर्धारण गरिएको Quantity कम भएको कारणले गर्दा निर्माण कार्य सम्पन्न गर्न नसकिने कारण जनाई निर्माण कार्यको शुरुमा नै भेरिएसन आदेशहरु जारी गरी विभिन्न Item हरुको Quantity थप गरेर निर्माण कार्य गरेको देखिन्छ ।साथै स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम ५० (घ) मा सम्झौता मूल्यको पन्ध्र प्रतिशत भन्दा बढी भेरिएसन जारी गर्न नसकिने र पन्ध्र प्रतिशत सम्म भेरिएसन आदेश जारी गर्दा पनि उपरोक्त सडक स्तरोन्नतीका कार्यहरु सम्पन्न हुन सक्ने अवस्था नदेखिएको भन्ने कारण जनाई विभिन्न Item हरुको Quantity थप गरी उपरोक्त थप Quantity सम्पन्न गर्न को लागि ADB को Procurement Guideline मा उल्लेख गरिएको प्रावधान अनुसार Shopping Method बाट सिलवन्दी दरभाउपत्र माग गरी सोही बमोजिम निर्माण कार्य गरेको देखिन्छ ।भेरिएसन आदेश जारी गरेर तथा Shopping Method बाट निर्माण कार्य गराउँदा शुरु सम्झौता रकम भन्दा निम्नानुसारको रकम बृद्धि भएको देखिन्छ ।

| ठेक्का नं. | Variation बाट थप | Shopping बाट थप | कुल थप रकम | कुल बृद्धि (%) |
|---|---|---|---|---|
| १ | २९,४६,६३७।४८ | ४३,५३,१९५।०५ (१+२) | १,०२,२७,९०४।६७ | २४.०७ |
| २ | २९,२८,०७२।१४ | | | |
| ३ | ३१,५१,३७२।१७ | ६५,८८,९९४।३५ | ९७,४०,३३६।५२ | ४४.८४ |
| ४ | ३०,१८,९१५।७५ | १८,९१,४७५।१४ | ४९,१०,३९०।८९ | २४.१८ |
| जम्मा रु. | १,२०,४४,९७।५४ | १,२८,३३,६६४।५४ | २,४८,७८,६६२।०८ | २९.४३ |
| खर्च रु. | १,१६,३८,८८२।०२ | १,२७,८३,१६७।३२ | २,४४,२२,०४९।३४ | २८.८९ |

:४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-

यसरी वनकट्टा वगई सडक स्तरोन्नी गर्ने कार्यमा विना प्रतिष्पर्धा भेरिएसन आदेश जारी गरेर तथा Shopping Method बाट रु २,४४,२२,०४९।३४ (दुई करोड चौवालिस लाख बाईस हजार उनान्पचास रुपयाँ चौतीस पैसा) बराबरको निर्माण कार्य गराईएको देखिन्छ । वनकट्टा बगई सडक स्तरोन्नती कार्यको लागि शुरुको लागत अनुमान तयार गर्दा Sub base को Quantity ३७८९ घ.मी. मात्र निर्धारण गरिएको देखिन्छ जुन Quantity उपरोक्त सडक स्तरोन्नती कार्यको Salient Feature मा उल्लेख गरिए अनुसारको ६ मिटर चौडाई र १५ से.मी. मोटाईमा जम्मा ४.२१ कि.मी. सडकको लागि मात्र प्रयाप्त हुने देखिन्छ. । कुल सडकको लम्बाई २३. ५५ कि.मी. भएको हुँदा शुरु लागत अनुमानमा उल्लेख गरिएको Quantity अनुसार १९.३४ कि.मी. (८२.१२ %) सडकको लागि Quantity अपुग भएको देखिन्छ । उपरोक्त सडक स्तरोन्नती कार्यको लागि शुरुको लागत अनुमान तयार गर्दा Embankment filling को कुल Quantity २५२८०.४० घ.मी. तथा Earthwork excavation in roadway and drains (Cutting) को कुल Quantity ३९३११.०३ घ.मी. निर्धारण गरिएको देखिन्छ । साथै शुरु लागत अनुमानमा विभिन्न Diameter का १५२ र.मी. मात्र Hume pipe culvert निर्माण गर्ने गरी सोही अनुरुप Quantity निर्धारण गरिएको देखिन्छ ।

विना प्रतिष्पर्धा भेरिएसन आदेश जारी गरेर तथा Shopping Method बाट निर्माण कार्य गराउने क्रममा लागत अनुमान तयार गर्दा निर्धारण गरिएको ३७८९ घ.मी. Sub base course को Quantity अपुग भएको कारण जनाई Quantity बृद्धि गरी कुल १४६७९.२३ घ.मी. Sub base को Quantity खपत गरेको देखिन्छ ।यसरी शुरु लागत अनुमानमा उल्लेख गरिएको Quantity को तुलनामा १०८९०.२३ घ.मी. अथार्त २८७.४२ % ले Quantity बृद्धि गरी प्याकेज १ र प्याकेज २ को शुरु सम्झौतामा उल्लेख भएको रु ६५१ प्रति घ.मी. दरलाई भेरिएसन आदेश जारी गरी नयाँ दर मार्फत रु ९०० प्रति घ.मी. र Shopping Method मार्फत खरिद गरी रु १२२५ प्रति घ.मी., प्याकेज ३ को शुरु सम्झौतामा उल्लेख भएको रु ५५० प्रति घ.मी. दरलाई Shopping Method मार्फत खरिद गरी रु १४९० प्रति घ.मी. तथा प्याकेज ४ को शुरु सम्झौतामा उल्लेख भएको रु ३०० प्रति घ.मी. दरलाई Shopping Method मार्फत खरिद गरी रु १५०० प्रति घ.मी. कायम गराई प्रतिष्पर्धा नहुने तरिका मार्फत काम गरेको देखिन्छ । शुरु लागत अनुमान तयार गर्दा निर्धारण गरिएको २५२८०.४० घ.मी. Embankment filling को Quantity अपुग भएको कारण जनाई Quantity बृद्धि गरी कुल ६२६४२.६७ घ.मी. Embankment filling को Quantity खपत गरेको देखिन्छ ।यसरी शुरु लागत अनुमानमा उल्लेख गरिएको Quantity को तुलनामा ३७३६२.२७ घ.मी. अथार्त १४७.७९ % ले Quantity बृद्धि गरी प्याकेज १ र प्याकेज २ को शुरु सम्झौतामा उल्लेख भएको रु १२१ प्रति घ.मी. दरलाई भेरिएसन आदेश जारी गरी नयाँ दर मार्फत रु २५० प्रति घ.मी., प्याकेज ३ को शुरु सम्झौतामा उल्लेख भएको

:४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-

रु ६०।५० प्रति घ.मी. दरलाई भेरिएसन आदेश जारी गरी नयाँ दर मार्फत रु ३९० प्रति घ.मी. र Shopping Method मार्फत खरिद गरी रु ४७५ प्रति घ.मी. तथा प्याकेज ४ को शुरु सम्झौतामा उल्लेख भएको रु ७५ प्रति घ.मी. दरलाई भेरिएसन आदेश जारी गरी नयाँ दर मार्फत रु ३९० प्रति घ.मी. र Shopping Method मार्फत खरिद गरी रु ४७५ प्रति घ.मी. कायम गराई प्रतिष्पर्धा नहुने तरिका मार्फत काम गरेको देखिन्छ । शुरु लागत अनुमानमा उल्लेख गरिएको Earthwork excavation in roadway and drains (Cutting) को ३९३११.०३ घ.मी. Quantity मध्ये ३१३३५.३१ घ.मी. (७९.७१ %) Quantity कुनै प्राविधिक पुष्टयाईं विना नै भेरिएसन आदेश मार्फत घटाई ७९७५.९ घ.मी. मात्र Quantity खपत गरिएको देखिन्छ । Cutting को लागि शुरु ठेक्का सम्झौता अनुसार प्याकेज १ र प्याकेज २ मा रु १२१ प्रति घ.मी., प्याकेज ३ मा रु ७१।५० प्रति घ.मी., प्याकेज ४ मा रु ७५ प्रति घ.मी. दर उल्लेख भएको देखिन्छ । चालु अवस्थामा रहेको समथर भू-भागमा अवस्थित सडकको स्तरोन्नती गर्न शुरु लागत अनुमानमा उल्लेख गरिएको Cutting को Quantity यथार्थपरक थिएन भन्ने कुरा सोही कार्यालयबाट प्रमाणित गरिएको Construction drawing बाट तथा आरोपीहरुको बयानबाट समेत पुष्टि हुने अवस्था देखिन्छ ।शुरु लागत अनुमान तयार गर्दा Cutting गर्नु पर्ने भनि उल्लेख गरिनु र सडकको सोही Section मा ठिक विपरित Filling गर्नुपर्ने अवस्था देखिनुले Engineering को सामन्य सिद्धान्त लाई समेत पालना नगरेको तथा शुरु लागत अनुमानमा उल्लेख गरिएको Cutting र Filling को Quantity त्रुटीपूर्ण भएको स्थिति देखिन्छ । यसरी Original Bill of Quantities मा ठूलो परिमाणमा Cutting को Quantity राखी प्रतिष्पर्धात्मक विधिबाट ठेक्का गरिसके पछि प्रतिष्पर्धात्मक रुपमा दर उल्लेख गरिएको Item हटाएर सडकको सोही Section मा भेरिएसन आदेश जारी गरेर तथा Shopping Method मार्फत खरिद गरेर Filling को Quantity थप गरी उच्च दरमा निर्माण कार्य गरिएको देखिन्छ । शुरु लागत अनुमानमा उल्लेख गरिएको Hume pipe culvert को १५२ र.मी. Quantity अपुग भएको कारण जनाई भेरिएसन आदेश मार्फत ७०८ र.मी. (४६५.७९ %) ले बृद्धि गरी कुल ८६० र.मी. कायम गरिएको देखिन्छ । सार्वजानिक खरिद ऐन २०६३ को दफा ५४ को उपदफा (१) अनुसार खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा सृजना भएमा मात्र सोको स्पष्ट कारण खुलाएर भेरिएसन आदेश जारी गर्न सकिने अवस्था देखिन्छ । सडक निर्माण गर्दा Sub base राख्ने काम अत्यन्त आधारभूत र अनिवार्य भएको हुँदा २३.५५ कि.मी. सडक मध्ये १९.३४ कि.मी. (८२.१२ %) सडकको लागि Sub base को Quantity नहुनु, शुरु सर्भे गर्दा कति Cutting को Quantity अवश्यक पर्ने तथा कति Filling को Quantity आवश्यक पर्ने भन्ने कुरा सजिलै पहिचान गर्न सकिने अवस्थामा पनि त्रुटिपूर्ण तरिकाले Cutting र Filling

☎ :४४३२७०८
: ४४४०१५१ (एक्सचेन्ज)
टोलफ्रि नं. : १६६०-०१-२२२३३
फ्याक्स : ४४४०१२८, ४४४०१०४
E-mail : akhtiyar@ntc.net.np

# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टङ्गाल, काठमाडौं

पत्र संख्या :-
चलानी नं. :-

को Quantity निर्धारण गरिनु, Canal crossing को संख्या शुरु लागत अनुमान तयार गर्ने समयमा सजिलै यकिन गर्न सकिने अवस्थामा पनि त्रुटिपूर्ण तरिकाले Canal crossing को संख्या कम निर्धारण गरिनु तथा शुरु लागत अनुमान तयार गर्दा महत्वपूर्ण Item हरु छुट्न गएको कारण जनाई भेरिएसन आदेश जारी गरिनु पूर्वानुमान गर्न नसकिएको परिस्थिति नहुने हुनाले यस्तो अवस्थामा जारी गरिएको भेरिएसन आदेश कानून सम्मत देखिएन ।साथै भेरिएसन आदेश जारी गर्दा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को प्रावधान अनुसार जारी गरिनु तथा Shopping Method बाट कार्य गराउँदा ADB को Procurement Guideline को प्रावधान पालना गरिनुले अनुकुलता अनुसारको कानूनी प्रावधान अपनाउन खोजिएको तथ्य स्पष्ट हुने देखिन्छ ।

अतः ग्रामिण पुनः निर्माण तथा पुनः स्थापना आयोजना अन्तर्गत चितवन जिल्लामा संचालन गरिएको वनकट्टा देखी बगई सम्म सडक स्तरोन्नती गर्ने कार्यमा सजिलै यकिन गर्न सकिने कार्यहरुको समेत Quantity छुटाई त्रुटीपूर्ण तरिकाले लागत अनुमान तयार गरी स्वीकृत गरिएको र सो छुटाईएका कार्यहरु भेरिएसन आदेश जारी गरेर तथा Shopping Method बाट खरिद गरी सम्पन्न गराउँदा रु २,४४,२२,०४९।३४ (दुई करोड चौवालिस लाख बाईस हजार उनान्पचास रुपयाँ चौतीस पैसा) बराबरको निर्माण कार्यमा कुनै पनि प्रतिष्पर्धा नभई सडक स्तरोन्ती कार्यको लागत अस्वाभाविक रुपमा बढेको देखिएको हुनाले अब आईन्दा कुनै पनि आयोजनाको लागत अनुमान तयार गर्दा यथार्थपरक तरिकाले तयार गरी आफू अनुकुल कानूनी प्रावधानको व्याख्या तथा प्रयोग गरी भेरिएसन आदेश तथा अन्य प्रतिष्पर्धा नहुने तरिकाबाट Quantity बढाई आयोजना सम्पन्न गरी आयोजनाको लागत अस्वाभाविक रुपमा बृद्धि गर्ने प्रवृति रोक्ने तर्फ सतर्कता अपनाउन अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा (१) को देहाय (ख) बमोजिम नेपाल सरकार, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई सुझाव लेखी पठाउने" ।

कृष्णराज पन्थ
अनुसन्धान अधिकृत